सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार त्यस्तो डेलिभरी दिने हुलाक अड्डा रहेको अञ्चलको नियन्त्रकलाई हुने

(६) एकै व्यक्तिले गरेको हुलाक अपराधसम्बन्धी विभिन्न कसूरहरू वा विभिन्न व्यक्तिहरूले एउटै हुलाक वस्तु सम्बन्धमा गरेको विभिन्न कसूरहरूमध्ये कुनै कसूरसम्बन्धी मुद्दा हेर्ने अधिकार नियन्त्रकको अधिकार क्षेत्रभित्र र कुनै कसूरसम्बन्धी मुद्दा हेर्ने अधिकार जिल्ला अदालतको अधिकार क्षेत्रभित्र पर्ने रहेछ भने त्यस्तो कसूरहरूसम्बन्धी मुद्दा हेर्ने अधिकार त्यस्तो हुलाक वस्तु डेलिभरी हुने जिल्लाको जिल्ला अदालतलाई हुनेछ ।"

लालमोहर सदर मितिः– २०४४।७।१।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. २२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८४८

## नगर पंचायत ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नगर पंचायत ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नगर पंचायत (आठौं संशोधन) ऐन २०४४" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. नगर पंचायत ऐन, २०१९ को दफा ९ मा संशोधनः नगर पंचायत ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ९ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :–

"(३क) उपदफा (३) बमोजिम कुनै नगर पंचायतको नाम र सीमाना श्री ५ को सरकारले हेरफेर गरेमा सोको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।"

३. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) नगर पंचायतको बैठक तोकिएबमोजिम बस्नेछ ।"

४. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः–

"१७. नगर पंचायतको काम, कर्तव्य र अधिकारः (१) नगर पंचायतको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।

(२) प्रचलित कानूनबमोजिम नगर पंचायतले गर्नु पर्ने कामहरू गर्नको लागि नगर पंचायतमा देहायका समितिहरू रहनेछन् र त्यस्तो समितिको नामको साथमा उल्लिखित विषयहरू सोही समितिसित सम्बन्धित हुनेछन्:–

| समितिको नाम | समितिसंग सम्बन्धित विषयहरू |
|---|---|
| (क) समाज कल्याण समिति | शैक्षिक, सांस्कृतिक, स्वास्थ्य र सरसफाइ, जनसंख्या र समाज कल्याण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) जलस्रोत समिति– खानेपानी, ढल निकास, सिंचाइ र जल ...त्।

(ग) विकास समिति– यातायात, संचार, उद्योग र पर्यटन ।

(घ) पंचायत समिति– पंचायत, इन्धन, कृषि, भूमिसुधार, शहरी घर जग्गा, आवास, व्यापार र आपूर्ति ।

(ङ) प्रशासन समिति– स्रोत परिचालन, बजेट तर्जुमा, आर्थिक व्यवस्थापन र सामान्य प्रशासन ।

(च) निर्माण समिति– न. पं. बाट हुने भौतिक निर्माण ।

(३) उपदफा (२) मा नपरेका विषयहरू प्रधान पंचले तोकेको समितिसंग सम्बन्धित हुनेछन् ।

(४) नगर पंचायतका प्रत्येक सदस्य उपदफा (२) मा उल्लिखित कुनै न कुनै समितिको सदस्य हुनेछन् ।

(५) प्रत्येक समितिमा सभापति र उपसभापति बाहेक कम्तीमा चारजना सदस्यहरू रहनेछन् ।

(६) प्रत्येक समितिमा रहने सदस्यहरू नगर पंचायतको सर्वसम्मति वा बहुमतद्वारा कायम हुनेछन् र त्यसरी कायम हुन नसकेमा प्रधान पंचले गोला हाली निर्धारण गरे बमोजिम हुनेछ ।

(७) प्रधान पंच र उपप्रधान पंच समितिका पदेन सभापति र उपसभापति हुनेछन् ।

(८) कुनै नगर पंचायतमा सदस्य संख्याको हिसाबले समितिमा उपदफा (५) बमोजिम सदस्य संख्या नपुग्ने भएमा त्यस्तो नगर पंचायतका एकै सदस्य दुईवटा समितिको एकसाथ सदस्य रहन सक्नेछन् ।

(९) समितिले गरेको निर्णय तथा काम कारवाही नगर पंचायतको निर्णय तथा काम कारवाही मानिनेछ ।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिबाट भएको निर्णयलाई सो निर्णय कार्यान्वयन हुनु अगावै नगर पंचायतले चाहेमा पुनरावलोकन गर्न सक्नेछ र त्यसरी पुनरावलोकन गर्दा नगर पंचायतको बैठकको दुई तिहाई बहुमतले त्यस्तो निर्णयलाई हेरफेर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) समितिको बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१२) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयहरू निर्णयको लागि नगर पंचायतमा पेश गर्नु पर्नेछः–

(क) नगर पंचायतको बजेट (आय-व्ययको विवरण) तर्जुमा गरी नगर सभामा पेश गर्ने,

(ख) नगर पंचायतको चालू आर्थिक वर्षको कार्य प्रगतिको समीक्षा तथा आगामी आर्थिक वर्षको कार्यक्रम तर्जुमा गरी नगर सभामा पेश गर्ने,

(ग) नगर पंचायतको विनियम तर्जुमा गरी नगर सभामा पेश गर्ने,

(घ) नगर सभाबाट स्वीकृत परिधिमा रही कुनै कर्जा लिने वा ऋण दिने,

(ङ) नगर पंचायतको चल-अचल सम्पत्ति कुनै पनि अवधिको लागि अरू कसैलाई भोग गर्न वा चलन चल्ती गर्न दिनको लागि नगर सभामा पेश गर्ने,

(च) कर्मचारीको दरबन्दी नगर सभाबाट पारित गराउन सिफारिश गर्ने,

(छ) नगर पंचायतले लगाउने वा उठाउने कर, दस्तूर, शुल्क, महसुल आदि असमर्थ ठहरिएका पक्षलाई मिनाहा दिन सिफारिश गर्ने ,

(ज) यस ऐनको अधीनमा रही स्वीकृत बजेट रकमको एक शीर्षक-बाट अर्को शीर्षकमा रकमान्तर गर्ने,

(झ) तोकिएको अन्य विषय ।

५. मूल ऐनमा दफा २४ पछि दफाहरू थप: मूल ऐनको दफा २४ पछि देहायका दफा २४क., २४ख., २४ग., र २४.घ थपिएका छन्:–

"२४.क नगर विकास योजनासम्बन्धी व्यवस्था: (१) नगर पंचायतको सुनियोजित विकासको लागि नगर पंचायतले दीर्घकालीन नगर विकास योजना तर्जुमा गरी कार्यान्यवन गर्नु सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम तर्जुमा गरिएको नगर विकास योजना नगर सभाबाट पारित भएपछि स्वीकृतिको लागि नगर पंचायतले श्री ५ को सरकारमा पठाउनेछ ।

(३) श्री ५ को सरकारबाट नगर विकास योजना स्वीकृत भएपछि नगर पंचायतले देहाय बमोजिम गरी नगर विकास योजना कार्यान्वयन गर्नेछः–

(क) नगर वा नगर विस्तार क्षेत्रलाई विभिन्न क्षेत्रहरूमा विभाजित गर्ने,

(ख) निर्माण गरिने भवन तथा अन्य कार्यक्रमको ढाँचा र शर्तहरू तोक्ने,

(ग) विद्युत, पानी, यातायात, स्वास्थ्य तथा अन्य सुविधा उपलब्ध गराउने,

(घ) जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको प्रक्रिया अपनाई नगर विकास योजना संचालनको लागि चाहिने जग्गा प्राप्त गर्ने,

(ङ) नगर विकास योजना संचालनको लागि आवश्यक पर्ने रकम दफा ३८ बमोजिम कर्जा लिने,

(च) खण्ड (घ) बमोजिम प्राप्त भएको जग्गा नगर विकास योजना संचालनको लागि बिक्री वितरण गर्ने ।

(४) नगर पंचायतले स्वीकृत नगर विकास योजना विपरीत अन्य कुनै निर्माण गर्न पाउनेछैन ।

(५) नगर विकास योजनाबाट नगर पञ्चायतलाई प्राप्त भएको रकम सोही योजना बाहेक अन्यत्र खर्च गर्न पाउनेछैन ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर विकास समिति ऐन, २०१९ बमोजिम नगर विकास समिति गठन भएको नगर पञ्चायतको क्षेत्रमा नगर पञ्चायतले यस दफा बमोजिम नगर विकास योजना तर्जुमा र कार्यान्वयन गर्दा नगर विकास समितिसित समन्वय राखी गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४ख. लागत सहभागितामा निर्माण कार्य गर्न सकिने: (१) आफ्नो क्षेत्रभित्र लागत सहभागितामा निर्माण गरिने सडक, पेटी, नाला, ढल, पुल, कलभर्ट आदि निर्माण कार्यको लागि सम्बन्धित वडा वा टोलका दुई तिहाई वासिन्दाहरूले यस दफा बमोजिमका शर्तहरू पालन गर्ने गरी नगर पञ्चायतलाई अनुरोध गरेमा त्यस्तो कामको लागि आवश्यक पर्ने परामर्श सेवा र निर्माण लागतको कम्तिमा पचास प्रतिशत रकम नगर पञ्चायतले उपलब्ध गराउनु पर्नेछ । निर्माण लागतको बाँकी प्रतिशत रकम नगर पञ्चायतले सुविधा उपभोग गर्ने सम्बन्धित व्यक्तिले उपभोग गर्ने सुविधाको आधारमा दामासाहीले हुन आउने रकम निर्धारण गरी असूल गर्नेछ ।

(२) उपदफा (१) बमोजिम असूल उपर गरिने रकम सम्बन्धित व्यक्तिहरूको अनुरोधमा समूहगत वा व्यक्तिगत रूपमा असूल गर्न सकिनेछ । त्यस्तो रकमको केही प्रतिशत वा सम्पूर्ण रकम अग्रिम रूपमा नै उठाउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम असूल गरिने रकमको केही प्रतिशत रकम प्रचलित दर बमोजिम श्रमदानबाट समेत असूल गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम असूल गरिने रकम निर्माण कार्य समाप्त हुने समयसम्ममा असूल हुने गरी किस्ताबन्दीमा असूल गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिम असूल गरिने रकम असूल गर्नु भन्दा अगावै नगर पञ्चायतले सम्बन्धित व्यक्तिलाई रकम असूल गरिने कुराको लिखित सूचना दिनु पर्नेछ ।

२४ग. विशेष सफाइ क्षेत्र घोषणा गर्ने: (१) श्री ५ को सरकारले सरसफाइ कायम राख्ने गरी तोकिएको क्षेत्रमा बाहेक आफ्नो इलाकाभित्रको कुनै सार्वजनिक महत्वका ठाउँमा सीमाना तोकी नगर पञ्चायतले विशेष सफाइ क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) विशेष सफाइ क्षेत्रमा गरिने सफाइ सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४घ. सरसफाइ सम्बन्धी कार्य गर्दा समन्वय राख्नु पर्नेः यस ऐन वा प्रचलित कानून बमोजिम नगर पञ्चायतले सरसफाइ वा फोहर मैलाको व्यवस्था गर्दा फोहर मैला व्यवस्थापन सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित निकायसंग समन्वय कायम गरी गर्नु पर्नेछ ।"

६. मूल ऐनमा दफा ३२ पछि दफाहरू थपः मूल ऐनको दफा ३२ पछि देहायको दफा ३२क., ३२ख. र ३२ग. थपिएका छन्ः–

"३२क. लेखा प्रमुखको नियुक्ति, काम, कर्तव्य र अधिकारः (१) श्री ५ को सरकारले नगर पञ्चायतको लेखा प्रमुखको पदमा नेपाल प्रशासन सेवा, लेखा समूहको कुनै कर्मचारीलाई नियुक्त गर्न सक्नेछ ।

(२) लेखा प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३२ख. श्री ५ को सरकारले नियुक्ति गर्न सक्ने अन्य कर्मचारीः श्री ५ को सरकारले आवश्यक र उपयुक्त सम्झेमा नगर पञ्चायतको इन्जिनियरिङ्ग शाखा प्रमुखको रूपमा काम गर्न नेपाल इन्जिनियरिङ्ग सेवाको र जनस्वास्थ्य शाखाको प्रमुखको रूपमा काम गर्न नेपाल स्वास्थ्य सेवाको कुनै कर्मचारी-लाई नियुक्त गर्न सक्नेछ ।

३२ग. श्री ५ को सरकारले नियुक्त गरेका कर्मचारीको सेवा, शर्त र सुविधाः यो ऐन बमोजिम श्री ५ को सरकारले नगर पञ्चायतमा नियुक्त गरेका कर्मचारी-हरूले आफ्नै सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली बमोजिमको सुविधा पाउनेछन् ।

तर श्री ५ को सरकारले कुनै कर्मचारीलाई सरुवा, निलम्बन वा विभागीय कारवाही गर्दा सम्बन्धित नगर पञ्चायतको राय लिन सक्नेछ ।"

७. मूल ऐनको दफा ३३ मा संशोधनः मूल ऐनको दफा ३३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) यो ऐन बमोजिम श्री ५ को सरकारले नगर पञ्चायतमा नियुक्त गरेका कर्मचारी बाहेक नगर पञ्चायतका कुनै प्रशासनिक वा प्राविधिक कर्मचारी वा सल्लाहकारको दरबन्दी नगर सभाले पारित गरी श्री ५ को सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल ऐनको दफा ३७ मा संशोधनः मूल ऐनको दफा ३७ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर दफा ३८ बमोजिम कर्जा लिनको लागि धितो बन्धक राख्न बाहेक नगर पञ्चायतले आफ्नो हकको कुनै पनि अचल सम्पत्ति श्री ५ को सरकारको लिखित स्वीकृति वेगर कसैलाई कुनै तवरले हक छोडी दिन वा पाँच वर्ष भन्दा बढी अवधिको लागि पट्टा (लिज) वा अनुज्ञा (लाइसेन्स) अन्तर्गत वा अरू प्रकारले उपभोग गर्न दिन पाउनेछैन । स्वीकृतिविना बेचबिखन वा हक छाडी दिएमा उजूर परेका बखत जुनसुकै अवस्थामा बदर हुनेछ ।"

९. मूल ऐनको दफा ३८ मा संशोधनः मूल ऐनको दफा ३८ मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१०. मूल ऐनको दफा ३९ मा संशोधनः मूल ऐनको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएको छ ।

"३९. नगर पञ्चायतले लगाउन पाउने कर, दस्तूर, शुल्क, महसुलः (१) नगर पञ्चायतले आफ्नो क्षेत्रभित्रको प्रत्येक घर धुरीमा सो घरको आकार, प्रकार, बनौट र सो घर धुरीले चर्चेको हाता (कम्पाउण्ड), सो घर धुरी रहेको स्थान समेतको आधारमा तोकिए बमोजिम घर धुरी कर लगाउन सक्नेछ ।

तर श्री ५ को सरकारले घर जग्गा कर ऐन, २०१९ अन्तर्गत उठाउन पाउने घर जग्गा कर नगर पञ्चायतले उठाउन पाउने गरी सुम्पन सक्नेछ र यसरी घर जग्गा कर उठाउन पाउने गरी अधिकार सुम्पिएमा नगर पञ्चायतले यस उपदफा अन्तर्गत घर धुरी कर लगाउन र उठाउन पाउनेछैन ।

(२) नगर पञ्चायतको क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगर पञ्चायतले बहाल रकममा सयकडा पाँचमा नबढाई तोकिए बमोजिम सम्बन्धित धनीबाट बहाल कर असूल गर्न सक्नेछ ।

(३) नगर पञ्चायतले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पूंजीगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिएबमोजिम कर दस्तूर लगाई असूल गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नगर पञ्चायतले आफ्नो क्षेत्रभित्र रहेको वा आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा सवारी दर्ता, वार्षिक वा पटके रूपमा तोकिए बमोजिम सवारी कर लगाउन सक्नेछ ।

तर नगर पञ्चायत क्षेत्रमा रहेको राजमार्ग भई आवागमन गर्ने सवारीमा सवारी कर लगाउन पाउनेछैन ।

(५) नगर पञ्चायतले आफूले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ गरिएका सवारीमा तोकिए बमोजिम पार्किङ दस्तूर लगाउन सक्नेछ ।

(६) नगर पञ्चायतले आफ्नो क्षेत्रभित्र आफ्नो तर्फबाट कुनै घर जग्गामा पानी वा बिजुली उपलब्ध गराएमा पटके जडान र ठाउँ सारी खर्चको अतिरिक्त खपतको आधारमा तोकिए बमोजिम महसुल लगाउन सक्नेछ ।

(७) नगर पञ्चायतले आफूले निर्माण वा संचालन गरेको शौचालय, स्नान घर, पार्क, अजायब घर, चिडियाखाना, स्वीमिङ्ग पूल, खेलकूद वा व्यायाम स्थल, अतिथि गृह, छात्रावास, सवारी पार्क, हाटबजार, पशुवधशाला, शवदाह व्यवस्था, धोबीघाट जस्ता सुविधा प्रयोग गर्नेलाई तोकिए बमोजिम सेवा शुल्क लगाउन सक्नेछ ।

(८) नगर पञ्चायतले नगर पञ्चायत क्षेत्रभित्र आफूले निर्माण, विस्तार, सुधार, स्तर वृद्धि गरेका सडक, पेटी, नाली, ढल आदिको मरमत, सुधार, हेरचाह, संचालन गर्न सडक र सार्वजनिक स्थलमा बत्ती बाल्न तथा सडक, नाली र ढल सफाइ वा मर्मत गर्न एवं फोहर मैलाको व्यवस्था गर्न लाग्ने खर्च त्यस्तो सुविधा उपभोग गर्ने वडा वा टोलका बासिन्दालाई घरधुरी करको पचास प्रतिशतमा नबढ्ने गरी थप कर लगाउन सक्नेछ ।

(९) नगर पञ्चायतले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाटबजार, सार्वजनिक स्थल, आफ्नो हकको ऐलानी जग्गा वा बाटोको छेउमा सार्वजनिक आवागमन र सरसफाइको काममा बाधा नपुग्ने वा कुनै किसिमको निर्माण गर्न नदिने गरी पसल थाप्न दिएका पसलहरूमा तोकिए बमोजिम बहाल बिटौरी लगाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) नगर पञ्चायतले घर बनाउने नक्सा पास गर्दा वा कसैको निजी प्रयोजनको लागि सार्वजनिक स्थल वा बाटोमा आवागमनमा कुनै बाधा नपर्ने गरी निर्माण सामग्री थुपार्न वा घेरा लगाउन अनुमति प्रदान गर्दा तोकिएबमोजिम शुल्क वा दस्तूर लिनेछ ।

(११) नगर पञ्चायतले कुनै अचल सम्पत्तिको मूल्याङ्कन गर्दा तोकिएबमोजिम सेवा शुल्क लिनेछ ।

(१२) नगर पञ्चायतले आफ्नो क्षेत्रभित्र आफूले संचालन गरेको विद्यालयमा पढ्ने छात्र छात्राहरूबाट तोकिएबमोजिम शुल्क लिन सक्नेछ ।

(१३) नगर पञ्चायतले आफ्नो क्षेत्रभित्र आफूले संचालन गर्ने विद्यालयहरूको भवन निर्माण गर्न शिक्षण संस्था र छात्र छात्राहरूको लागि अन्य सुविधा उपलब्ध गराउन वा प्राथमिक शिक्षा अनिवार्य गर्न घरधुरी करमाथि पच्चीस प्रतिशतसम्म थप शुल्कको रूपमा शिक्षा कर लगाउन सक्नेछ ।

(१४) दफा ३९क. बमोजिमको चुंगी कर र यस दफामा लेखिएका रकमहरू बाहेक नगर पञ्चायतले अरू कुनै नाम वा तरिकाबाट कुनै कर, दस्तूर, शुल्क, महसुल वा थप दस्तूर श्री ५ को सरकारको स्वीकृति विना लगाउन पाउनेछैन ।

(१५) कुनै नगर पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू विपरीत कसैबाट कुनै कर, दस्तूर, शुल्क, महसुल, थप दस्तूर वा चन्दा उठाएमा श्री ५ को सरकारले त्यस्तो काम गर्नबाट रोक्न र त्यसरी उठाएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता बुझाउनु पर्ने गरी सम्बन्धित नगर पञ्चायतलाई आदेश दिन सक्नेछ । त्यस्तो आदेशबमोजिम गर्नु नगर पञ्चायतको कर्तव्य हुनेछ ।"

११. मूल ऐनमा दफा ३९ पछि दफाहरू थप: मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क., ३९ख., ३९.ग, ३९घ., ३९ङ., र ३९ च. थपिएका छन् :–

"३९क. चुंगी कर लगाउने: (१) निजी दैनिक उपभोगको लागि बाहेक व्यापारिक, व्यावसायिक वा औद्योगिक प्रयोजनको लागि नगर पञ्चायत क्षेत्रभित्र खपत वा बिक्री गर्न व्यापारिक परिमाणमा कसैले कुनै माल पैठारी गरेमा वा ल्याएमा सो मालको मोलमा प्रति एकसय रूपैयाँमा एक रूपैयाँका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरले नगर पञ्चायतले दफा ३६ख. को अधीनमा रही तोकिएबमोजिम चुंगी कर लगाउन सक्नेछ ।

तर २०५० साल वैशाख १ गतेदेखि पचास पैसाका दरले मात्र चुंगी कर लगाउन सक्नेछ ।

(२) चुंगी कर लगाउने प्रयोजनको लागि कुनै मालको मोल कायम गर्दा देहायबमोजिम कायम गरिनेछः–

(क) विदेशबाट पैठारी भएको भन्सार लाग्ने माल भए भन्सार महसुल निर्धारण गर्नको लागि कायम भएको मोल र त्यसमा लागेको भन्सार महसुल तथा बिक्रीकर समेत जोडी मालको मोल कायम गरिनेछ ।

(ख) नेपालमा उत्पादन भएको माल भए अन्तःशुल्क वा बिक्रीकर निर्धारण गर्नको लागि कायम भएको मोल र त्यसमा लागेको अन्तःशुल्क तथा बिक्रीकर समेत जोडी मालको मोल कायम गरिनेछ ।

(ग) कुनै बिल, बिजक वा अन्य कागजात नभएकोमा वा भए पनि शंका लागेको अवस्थामा र नेपालमा उत्पादन भएको अन्तःशुल्क वा बिक्रीकर नलाग्ने माल भएमा प्रचलित बजार भाउको आधारमा त्यस्तो मालको मोल कायम गर्न नगर पञ्चायतको प्रधान पञ्चको अध्यक्षतामा जिल्ला कार्यालयले तोकेको एकजना प्रतिनिधि र स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि वा सो नभएमा व्यापार क्षेत्रको एकजना प्रतिनिधि भएको मोल निर्धारण समिति गठन गरिनेछ ।

(३) चुंगी कर लाग्ने मालको चुंगी कर त्यस्तो माल नगर पञ्चायत क्षेत्रमा प्रवेश गर्दा लिइनेछ ।

तर कसैले चुंगीकर छली कुनै माल ल्याएको फेला परेमा त्यस्तो मालमा लाग्ने चुंगीकरको शत प्रतिशत जरिवाना सहित चुंगीकर असूल गरिनेछ ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नगर पञ्चायत क्षेत्रको बाटो गरी अन्यत्र लैजान ल्याएको मालमा सो नगर पञ्चायत क्षेत्रबाहिर नलगेसम्मको लागि चुंगी कर धरौटी लिन सकिनेछ । त्यसरी चुंगी कर धरौटीलिएको माल वाध्यात्मक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवस्था परेकोमा बाहेक मालको प्याकिङ्ग नफोडी बहत्तर घण्टाभित्र नगर पञ्चायत क्षेत्रबाहिर लगेमा जुन चौकी भै माल बाहिर लगेको हो सोही चौकीबाट धरौटी रकम फिर्ता लिन वा सो चौकीबाट निकासी निस्सा लिई धरौटी दाखिल गरेको चौकीबाट धरौटी रकम फिर्ता लिन पाउनेछ । त्यस्तो धरौटी रकम सम्बन्धित चौकीले तुरुन्त फिर्ता दिनु पर्नेछ ।

तर नगर पञ्चायतले तोकी दिएको गोदाममा राखिएको मालका हकमा बहत्तर घण्टाभित्र नगर पञ्चायत क्षेत्रबाट बाहिर लग्नु पर्ने व्यवस्था लागू हुनेछैन ।

(५) नगर पञ्चायत क्षेत्रभित्र ल्याइएको मालमा चुंगी कर बाहेक नगर पञ्चायतले अन्य कुनै कर, दस्तूर, शुल्क, महसुल वा चन्दा लगाउन पाउनेछैन ।

(६) एक अर्काबाट नजिक पर्ने दुई वा सोभन्दा बढी नगर पञ्चायतहरूले आपसी सम्झौता गरी यस दफा बमोजिम आ-आफूले उठाएको चुंगी कर रकम सम्झौता बमोजिम भाग बण्डा लगाई लिन सक्नेछन् । त्यस्तो सम्झौता नभएकोमा पनि श्री ५ को सरकारले उपयुक्त सम्झेमा त्यस्ता एक अर्काबाट नजिक पर्ने नगर पञ्चायतहरूले उठाएको चुंगी कर रकम तोकिएको आधारमा भाग बण्डा लगाई दिन सक्नेछ ।

(७) यस दफा बमोजिमको व्यवस्था २०५५ साल आषाढ मसान्तसम्म मात्र कायम रहनेछ ।

३९ख. <u>चुंगी कर नलाग्ने</u>: दफा ३९क. मा जुनसुकै कुरा लेखिएको भए तापनि दैनिक उपभोगको लागि ल्याइने खाद्यान्न, आधारभूत आवश्यकताका वस्तुहरू उत्पादन गर्ने भनी श्री ५ को सरकारले तोकेको उद्योगमा प्रयोग हुने कच्चा पदार्थ र प्लाण्ट मेशिनरी, इक्विपमेण्टमा चुंगी कर लाग्ने छैन ।

३९ग. <u>कर, दस्तूर, शुल्क, महसुल आदि छुट</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार, वैदेशिक कूटनैतिक नियोग वा व्यक्ति एवं लाभको उद्देश्य नराखी संचालन हुने संघ संस्थालाई नगर पञ्चायतले उपलब्ध गराएको सुविधा बापतको सेवा शुल्क बाहेक अन्य कर, दस्तूर, शुल्क, महसुल आदि लाग्नेछैन ।

तर श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान वा कुनै संघ संस्थाको व्यापारिक कारोवारलाई त्यस्तो छुट हुनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 6045

(२) विदेशी ऋण वा सहायता अन्तर्गत संचालित परियोजनाको लागि श्री ५ को सरकार वा कुनै विकास समितिले पैठारी गरेको माल-सामानमा नगर पंचायतले कुनै कर, दस्तूर, शुल्क, महसुल लगाउन पाउने छैन ।

३६घ. ढुंगा, गिर्खा, बालुवा, माटो, मल इत्यादि बिक्री गर्नेः नगर पंचायतले आफ्नो क्षेत्रभित्रको ढुंगा, गिर्खा, बालुवा, माटो, हाडखोर, कवाडी वा आफैले बनाएको वा संकलन गरेको मल इत्यादि लिलाम बढाबढ गरी बिक्री गर्न सक्नेछ ।

तर,

(१) कुनै नगर पंचायतको सीमाना अर्को नगर पंचायतसंग जोडिएकोमा त्यस्तो सीमाना जोडिएको ठाउँको नदी नालाबाट यस दफा बमोजिम हुने आम्दानी सीमाना जोडिने नगर पंचायतहरूले बराबर भागमा बण्डा गर्नु पर्नेछ ।

(२) कुनै नगर पंचायतको सीमाना कुनै गाउँ पंचायतसंग जोडिएकोमा त्यस्तो सीमाना जोडिएको ठाउँको नदी-नालाबाट हुने आम्दानी त्यस्तो नगर पंचायत र सीमाना जोडिएको गाउँ पंचायत रहेको जिल्लाको जिल्ला पंचायतले बराबर भागमा बण्डा गर्नु पर्नेछ ।

३६ङ. कर पुनरावलोकन समितिः (१) नगर पंचायतले यस ऐनबमोजिम उठाउन पाउने करको बरबारे वार्षिक पुनरावलोकन गरी आफू समक्ष प्रतिवेदन पेश गर्न श्री ५ को सरकारले एउटा कर पुनरावलोकन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर पुनरावलोकन समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) प्रतिनिधि, पंचायत तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

(ग) प्रतिनिधि, उद्योग मन्त्रालय – सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग – सदस्य

(ङ) प्रतिनिधि, उद्योग वाणिज्य संघ – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) श्री ५ को सरकारले तोकेका तीनजना नगर पंचायतका प्रधान पंचहरू – सदस्य

(छ) श्री ५ को सरकारले तोकेको एक जना विशेषज्ञ – सदस्य

(३) श्री ५ को सरकारले तोकेको सदस्य कर पुनरावलोकन समितिको अध्यक्ष हुनेछ ।

(४) उपदफा (२) को खण्ड (च) बमोजिम श्री ५ को सरकारले सदस्य तोक्दा विभिन्न वर्ग र क्षेत्रको नगर पंचायतको प्रतिनिधित्व हुने गरी नगर पंचायतका प्रधान पंचहरूलाई एक एक वर्षको लागि तोक्न सक्नेछ ।

(५) कर पुनरावलोकन समितिलाई श्री ५ को सरकारले सचिवालय सेवा पुऱ्याउनेछ ।

(६) कर पुनरावलोकन समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गर्नेछ ।

३६च. कर, दस्तूर, चुंगीकर आदि ठेक्कामा उठाउने सम्बन्धमाः नगर पंचायतले यस ऐनबमोजिम उठाउन पाउने कर, दस्तूर वा चुंगीकर ठेक्का पट्टामा उठाउन लगाउँदा ठेकेदारलाई कुन कुन वस्तुमा कति कर, दस्तूर वा चुंगीकर लगाउने भनी पट्टामा नै किटान गरी दिनु पर्नेछ र ठेकेदारले पनि सोहीबमोजिम मात्र कर , दस्तूर वा चुंगीकर उठाउन पाउनेछ ।"

१२. मूल ऐनको दफा ४० मा संशोधनः मूल ऐनको दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छः–

"४०. कर, दस्तूर आदि असूल गर्ने तरिकाः (१) नगर पंचायतले लगाएको कर, दस्तूर, शुल्क, महसुल इत्यादि नबुझाउने करदाताको हकमा नगर पंचायतले देहायको कार्य गर्न सक्नेछः–

(क) सूचना पाटीमा वा स्थानीय पत्रपत्रिकामा नाम प्रकाशित गर्ने,

(ख) कर नतिर्ने करदातालाई नगर पंचायतले उपलब्ध गराउने कुनै सुविधा रोक्ने वा स्थगित गर्ने,

(ग) नगर पंचायतले कुनै करदातालाई कुनै प्रमाणपत्र वा सिफारिश दिंदा बाँकी कर दस्तूर असूल गरेर मात्र त्यस्तो प्रमाणपत्र वा सिफारिश दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नगर पंचायतको कर बुझाउन पर्ने म्याद नाघेमा नगर पंचायतले तोकिएबमोजिम जरिवाना समेत लगाई बाँकी कर रकम कर-दाताको चल अचल सम्पत्ति रोक्का, कब्जा वा लिलाम बिक्री गरी असूल उपर गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर पंचायतलाई तिर्न बुझाउनु पर्ने कुनै कर, दस्तूर, शुल्क, महसुल आदिको रकम तिर्न बुझाउन कुनै व्यक्ति असमर्थ ठहरिएमा नगर पंचायतको सिफारिशमा नगर सभाले त्यस्तो रकम मिह्वा दिन सक्नेछ । त्यस्तो मिह्वा गरिएको रकम सर्वसाधारणको जानकारीको लागि नाम नामेसी र रकम सहित प्रकाशित गरिनेछ ।"

१३. मूल ऐनमा दफा ४० पछि दफाहरू थप: मूल ऐनको दफा ४० पछि देहायका दफा ४०क. र ४०ख. थपिएका छन्:–

"४०क. कर दस्तूर आदि असूलीको अभिलेख राख्नु पर्ने: नगर पंचायतले आफूले लगाएको कर, दस्तूर, शुल्क, महसुल इत्यादिको असूलीको अभिलेख तोकिएको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ । सो कामको लागि नगर पंचायतले श्री ५ को सरकारको कुनै पनि कार्यालय, पंचायत वा संभावित करदातासंग सहयोग मागेमा त्यस्तो सहयोग दिनु श्री ५ को सरकारको कार्यालय, पंचायत वा करदाताको कर्तव्य हुनेछ ।

४०ख. करसम्बन्धी विवादको समाधान: (१) नगर पंचायतले लगाएको वा उठाएको कुनै कर, दस्तूर, शुल्क वा महसुल सम्बन्धमा कुनै करदाताको चित्त नबुझेमा निजले यस प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मध्यस्थ समक्ष उजूर गर्न सक्नेछ ।

(२) मध्यस्थको निर्णय नगर पंचायत र करदाताले मान्न कर लाग्नेछ र मध्यस्थले निर्णय दिंदा औचित्यको आधारमा समेत दिन सक्नेछ ।

(३) मध्यस्थले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।"

१४. मूल ऐनको दफा ४२ मा संशोधन: मूल ऐनको दफा ४२ को,–

(१) उपदफा (१) मा रहेका "आर्थिक वर्ष शुरू हुनु भन्दा अगावै" भन्ने शब्दहरू पछि "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरू थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन्:–

"(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विकासतर्फको खर्चको लागि छुट्याइएको बजेट रकमबाट प्रशासनतर्फ रकमान्तर गरी खर्च गर्न पाइनेछैन ।

(५) प्रशासनतर्फ खर्च गर्न छुट्याएको बजेट रकमबाट कर्मचारीहरूको तलब, भत्ता र नगर पञ्चायतले व्यहोर्नु पर्ने ऋणको सांवा व्याज वा किस्ता बुझाउन आवश्यक पर्ने रकम छुट्याई बांकी हुन आउने बजेट रकमबाट विकासतर्फको खर्चको लागि रकमान्तर गर्न सकिनेछ ।

(६) प्रशासनतर्फको एक शीर्षकबाट प्रशासनतर्फकै अर्को शीर्षकमा दश प्रतिशतसम्म र विकासतर्फको एक शीर्षकबाट विकास तर्फकै अर्को शीर्षकमा पचास प्रतिशतसम्म रकम नगर पञ्चायतले रकमान्तर गर्न सक्नेछ ।"

१५. मूल ऐनमा दफा ४२क. थप: मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छ:–

"४२क. श्री ५ को सरकारले दिने अनुदान: (१) श्री ५ को सरकारले नगर पञ्चायतहरूलाई दिने अनुदानको कुल रकम निर्धारण गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले कुनै खास प्रयोजन, योजना वा कार्यक्रमको लागि दिएको अनुदान सोही काममा बाहेक अन्य काममा खर्च गर्न पाइनेछैन ।"

१६. मूल ऐनको दफा ४३ मा संशोधन: मूल ऐनको दफा ४३ को सट्टा देहायको दफा ४३ राखिएको छ:–

"४३. हिसाब किताब र लेखा परीक्षण: नगर पञ्चायतले आय-व्ययको हिसाब तोकिएको ढाँचामा राख्नु पर्नेछ र प्रत्येक वर्षको हिसाब प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।"

१७. मूल ऐनमा दफा ४३क. थप: मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छ:–

"४३क. आम्दानी र खर्चको फाँटवारी प्रकाशित गर्नु पर्ने: प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगर पञ्चायतको वार्षिक आम्दानी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा स्थानीय समाचारपत्रमा र त्यस्तो समाचारपत्र नभएमा मुख्य मुख्य स्थानमा सार्वजनिक रूपमा प्रकाशित गर्नु पर्नेछ ।"

१८. मूल ऐनमा दफा ४४ख. थप: मूल ऐनको दफा ४४क. पछि देहायको दफा ४४ख. थपिएको छः–

"४४ख. नगर पञ्चायतको वर्गीकरण: श्री ५ को सरकारले तोकिएको प्रयोजनको लागि तोकिए बमोजिमको आधारमा नगर पञ्चायतहरूको वर्गीकरण गर्न सक्नेछ ।"

१९. मूल ऐनमा दफा ५३क. थप: मूल ऐनको परिच्छेद ७ मा दफा ५३ पछि देहायको दफा ५३क. थपिएको छः–

"५३क. सार्वजनिक जग्गा मिची घर, टहरा आदि बनाएमा भत्काउन सिफारिश गर्ने: नगर पञ्चायत क्षेत्रभित्रको सार्वजनिक जग्गामा कुनै व्यक्तिले अनधिकृत रूपले घर, टहरा आदि निर्माण गरेमा वा सार्वजनिक जग्गा मिची त्यस्तो निर्माण गरेमा त्यसरी निर्माण गरेको घर, टहरा आदि भत्काउन नगर पञ्चायतले जिल्ला कार्यालयमा सिफारिश गरी पठाउन सक्नेछ ।"

२०. मूल ऐनको दफा ५४ मा संशोधन: मूल ऐनको दफा ५४ को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) परिच्छेद ७ को कुनै कुरा उल्लंघन गर्ने व्यक्तिलाई तोकिए बमोजिमका नगर पञ्चायतका प्रधान पञ्चले तोकिए बमोजिमका कार्यको लागि बढीमा दश हजार रूपैयाँसम्म जरिवाना, र"

(२) खण्ड (ख) मा रहेको "एक सय रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "नगर पञ्चायत वा नगर पञ्चायतले तोकेको अधिकारीले बढीमा पाँच सय रूपैयाँसम्म" भन्ने शब्दहरू थपिएका छन् ।

(३) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः–

"(ग) ठकेदारले दफा ३९च. बमोजिम नगर पञ्चायतले तोकिदिएको भन्दा बढी कर, दस्तूर वा चुंगीकर उठाएमा वा तोकिदिएका भन्दा बाहेकका वस्तुमा कर, दस्तूर वा चुंगीकर उठाएमा नगर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।